म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २६१ २०८१ साउन २९ गते मंगलबार 13 August 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## अवैध सामान बरामद

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले करिब ७२ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ । सोमबार बिहान १ बजेर १० मिनेटको समयमा ईलाका प्रहरी कार्यालय बाराबाट प्रहरी बल नायव निरीक्षक त्रिभुवनलाल साहको कमाण्डमा खटिएको प्रहरी टोलीले जीतपुर सिमरा उप-महानगर पालिका-२१ अमलेखगन्जबाट अवैध सामान बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिनुभयो । प्रहरीले वीरगंजबाट चितवन जाँदै गरेको ना ३ ख ३९५० नम्बरको ट्रकलाई रोकी सुरक्षाजाँच गर्दा अवैध सामान बरामद गरेको थियो । प्रहरीले ट्रकबाट बिल नभएको ७१ लाख ६७ हजार ५ सय ३४ रुपैया बराबरका कस्मेटिक, तयारी कपडा, मिल पार्टस लगायतका अन्य खुद्रा सामानहरू बरामद गरेको थियो ।

# हेटौंडा उपमहानगरपालिकाको करवृद्धि विरुद्ध व्यवसायीद्वारा आन्दोलनको घोषणा




*पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता ।*

समाज संवाददाता

हेटौंडाः व्यवसायी, उद्यमी चरम मारमा रहेका बेला हेटौंडा उपमहानगर पालिकाले अस्वभाविक रुपमा राजश्वको दर वृद्धि गरेको भन्दै व्यवसायीले आन्दोलन घोषणा गरेका छन् । सोमबार दिउँसो मकवानपुर उद्योग वाणिज्य संघको अगुवाईमा मकवानपुरका व्यवसायीले आन्दोलनको घोषणा गरेका हुन् ।

करको दर र दायरा बढाउँदै नयाँ शीर्षकमा पनि उच्च दरमा करको दर कायम गरेको भन्दै नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँलाई ध्यानाकर्षण पत्र बुझाउँदै उपमहानगरको सकारात्मक प्रतिक्रियाको अपेक्षामा रहेका व्यवसायीले अन्ततः आन्दोलनको घोषणा गरेका हुन् । यसअघि व्यवसायीको ध्यानाकर्षणप्रति सकारात्मक रहँदै नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले नगर कार्यपालिकाबाट संशोधनको प्रयास गर्ने आश्वासन दिएका थिए । तर, आश्वासनविपरित कार्यपालिका बैठकको कार्यसूचिमा रहेर पनि अनिर्णित रहँदै व्यवसायीको ध्यानाकर्षणप्रति बेवास्ता गरिएपछि आन्दोलनको घोषणा गरिएको हो ।

आन्दोलनको घोषणाअघि आइतबार मकवानपुर उद्योग वाणिज्य संघले हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई राजश्व वृद्धि गर्ने निर्णयको प्रक्रियागत प्रतिलिपि माग गरेको छ । कोभिड-१९ देखि निरन्तर व्यवसाय खस्कँदो अवस्था रहेका बेला सहयोग गर्नुपर्ने स्थानीय सरकारले करको दर बढाएर व्यवसायीलाई थप पीडा दिने काम गरेको भन्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गर्न बाध्य भएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले बताउनुभयो ।

समग्र उद्योग, व्यवसाय धरासायी भएको र भविष्यमा अझ ठूलो आर्थिक संकटको सामना गर्नुपर्ने पूर्वसंकेतको संशय पैदा भइरहेको सन्दर्भमा राजश्वको दर बढाउनु सान्दर्भिक नभएको संघको ठहर छ । पटक-पटक आग्रह गर्दा पनि सुधार गर्नुको विपरित नयाँ करको दर कार्यान्वयनतर्फ उपमहानगरपालिका अग्रसर भएपछि आन्दोलन गर्न बाध्य भएको अध्यक्ष गुप्ताले बताउनुभएको छ ।

पाँच दिने आन्दोलनका कार्यक्रमअन्तर्गत उद्योग वाणिज्य संघले उपमहानगरपालिका कार्यालयमा धर्ना दिनेदेखि व्यवसाय बन्द गरेर चाबी उपमहानगरपालिकालाई बुझाउनेसम्मका कार्यक्रम घोषणा गरेको छ । पाँच दिने संघर्षका कार्यक्रमसँगै उद्योग वाणिज्य संघले व्यवसायीहरुको तर्फबाट सामूहिक रुपमा उपमहानगरपालिका विरुद्ध मुद्दा समेत दर्ता गराउने जनाएको छ ।

पाँच दिने कार्यक्रमअन्तर्गत पहिलो दिन सोमबार बिहान राजनीतिक दलसम्वद्ध व्यावसायिक संघ, संस्थाका प्रतिनिधि र सहकारी संस्थाका प्रतिनिधिहरुसँग छलफल गरेको छ । सोमबार दिउँसो १२ बजे व्यापारीको भेला आयोजना गरेर आन्दोलनको आवश्यकता, औचित्य र व्यवसायीको साथ सहयोगका विषयमा जानकारी गराइएको थियो भने दिउँसो १ बजे पत्रकार सम्मेलन गरेर आन्दोलनको औचित्य, संघको धारणा र संघर्षका कार्यक्रमबारे जानकारी गराएको छ ।

दोस्रो दिन मंगलबार कर अवज्ञा गर्न व्यवसायी र नगरवासीलाई आव्हान गर्न सुरु गर्ने, विभिन्न संघ, संस्था, प्रदेश सरकार, राजनीतिक दललाई ज्ञापनपत्र बुझाउनुका साथै विभिन्न क्षेत्रका प्रतिनिधिसँग अन्तरक्रियाको कार्यक्रम तय गरिएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष गुप्ताले जानकारी दिनुभएको छ ।

तेस्रो दिन बुधबार हेटौंडा बजारको बुद्धचोकसँगै विभिन्न स्थानमा राजश्व वृद्धिको निर्णय विरुद्ध हस्ताक्षर संकलन गर्ने, हेटौंडा उपमहानगरपालिकामा १ घण्टा धर्ना दिने, राजश्व वृद्धिको विरोधमा विभिन्न स्थानमा कालो व्यानर राख्ने जनाइएको छ । चौथो दिन बिहिबार हेटौंडा उपमहानगरपालिकामा २ घण्टा धर्ना दिने, नगर सरकार खोज्दै मैनबत्ती जुलुस गर्ने जनाएको छ ।

संघर्षको कार्यक्रमअन्तर्गत पाँचौं दिन शुक्रबार र्‍यालीसहित व्यापार व्यवसाय बन्द गरी हेटौंडा उपमहानगर पालिकामा चावी बुझाएर पहिलो चरणको आन्दोलनको कार्यक्रम समापन गर्ने बताइएको छ । आन्दोलनका कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन हरेक दिन फरक फरक पदाधिकारीलाई संयोजकको जिम्मेवारी दिइएको अध्यक्ष गुप्ताले जानकारी दिनुभयो । पत्रकार सम्मेलनमा निर्माण व्यवसायी संघ मकवानपुरका महासचिव राजेन्द्रप्रसाद चौलागाई, बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका अध्यक्ष रामहरि न्यौपाने, जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका सचिव वीरेन्द्र ढुंगाना, उद्योग वाणिज्य संघका बस्तुगत संघका पदाधिकारीहरुको पनि उपस्थिति रहेको थियो ।

### मन्त्री महर्जनले गरे गौरीटार रंगशाला निरीक्षण

# निर्माण कम्पनीलाई उपस्थित गराउन निर्देशन

समाज संवाददाता

हेटौंडाः बामगती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण श्रेष्ठले हेटौंडाको गौरीटार रंगशालाको स्थलगत अवलोकन गर्नुभएको छ । मन्त्री महर्जनले सोमबार बिहान हेटौंडा-६ स्थित गौरीटारमा निर्माणाधीन रंगशालाको निरीक्षण गर्नुभएको हो ।

मन्त्री महर्जनले गौरीटार रंगशालामा निर्माणाधीन त्रिकेट तथा फुटबल मैदान र पौडी पोखरीको निरीक्षण गर्नुभएको छ । मन्त्री महर्जनले गत बैशाखमा शिलान्यास गरिएको क्रिकेट रंगशाला र पौडी पोखरीको निरीक्षण गर्नुभएको हो । निरीक्षणका क्रममा मन्त्रालयका सचिव रुद्रप्रसाद लामिछाने र प्रदेश खेलकुद परिषद्का इन्जिनियर निवेश बर्तौलाले ब्रिफिङ गर्नुभएको थियो ।



प्रदेश सरकारले गत आर्थिक वर्षदेखि क्रिकेट रंगशाला निर्माणका लागि १२ करोड र पौडी पोखरी निर्माणका लागि ९ करोड रुपैयाँ बजेट विनियोजन गरेर निर्माण थालेको इन्जिनियर बर्तौलाले बताउनुभयो । उक्त रंगशालामा पहिलो चरणमा ६ सय जना दर्शक क्षमताको एउटा प्यारापिटसहित ५ वटा पिच, ७० मिटर रेडिएसको ग्राउण्ड भिभीआईपी कक्ष, खेलाडी कक्ष (प्लेयर बक्स), चेन्जिङ रुम (कपडा फेर्ने कोठा), टिभी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपाङ्गमैत्री क्षेत्र, पार्किङलगायत संरचना निर्माण हुने उहाँले बताउनुभयो । आगामी एक वर्षभित्र सो संरचना निर्माण सम्पन्न गर्नुपर्ने गरी ठेक्कामार्फत् काम भइरहेको प्रदेश खेलकुद विकास परिषद्का इन्जिनियर बर्तौलाले बताउनुभयो ।

निरीक्षणपछि मन्त्री महर्जनले समय सीमाभित्रै निर्माण कार्य सम्पन्न गर्ने पहल र निर्माण कम्पनीलाई दवाव दिने बताउनुभयो । खेलकुद क्षेत्रमा निर्माण कार्य अत्यन्त सुस्त हुने गरेकाले प्रदेश सरकारले तत्काल निर्माण कम्पनीलाई उपस्थित गराएर काम छिटो सक्न निर्देशन गर्ने उहाँको भनाइ छ । प्रदेश सरकारले खलकुद क्षेत्रको विकासका लागि स्तरीय खेलकुदका संरचनासँगै खेलाडी प्रोत्साहनमा समेत काम गर्ने लक्ष्य लिएको उहाँले बताउनुभयो ।

उहाँले रंगशालाभित्र निर्माण भइरहेका २ वटै खेलकुद संरचनाको निर्माणको जिम्मा लिएका कम्पनीका प्रतिनिधिलाई उपस्थित गराउने निर्देशनसमेत दिनुभएको छ । राज्यका निकायका कमजोरी, मन्त्रीहरुको खबरदारी नहुँदा खेलकुदका संरचनाहरु अलपत्र पर्ने गरेकाले त्यसलाई रोक्नुपर्ने उहाँले बताउनुभयो ।

केन्द्रीय खेलकुद प्रतिष्ठान (गौरीटार रंगशाला) का रुपमा विकास गर्नेगरी तत्कालीन समयमा राष्ट्रिय खेलकुद परिषद्ले खेलकुदका संचना निर्माणको थालनी गरेको थियो । बजेटले निरन्तरता पाउन नसक्दा १४ वर्षसम्म सो रंगशाला निर्माणले गति लिन सकेको थिएन । २८ जेठ २०६४ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले गौरीटार रंगशालाको शिलान्यास गर्नुभएको थियो । गौरीटार रंगशालामा १९ वटा विभिन्न खेलकुदसम्बन्धी संरचना निर्माण गरिने योजनाअनुसार काम सुरु गरिएको थियो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडीलाई बन्द प्रशिक्षणमा राख्ने उद्देश्यसहित निर्माण गर्न लागिएको यस रंगशालामा फुटबल, भलिबल, क्रिकेटका लागि खेल मैदान, स्विमिङ पुल, छात्र र छात्रा होस्टल, प्रशासनिक भवनलगायतको संरचना निर्माण गर्ने परिषद्को योजना थियो । देश संघीय संरचनामा गएसँगै रंगशाला निर्माणको काम प्रदेश सरकारले जिम्मा लिएर क्रमागतबाट बजेट विनियोजन गर्दै आएको छ । फुटबल ग्राउन्ड, रनिङ ट्रयाक सिन्थेटिक, भिआईपी प्यारापिट र लाइटिङ गरी ९० करोड रुपैयाँको लागत अनुमानसहित डीपीआर तयार पारेर काम गरिरहेको छ ।

# आइएफएसए संघ हेटौंडाको दोस्रो अधिवेशन सुरु

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय वन विज्ञान विद्यार्थी संघ (आइएफएसए) हेटौंडाको दोस्रो अधिवेशन सुरु भएको छ । सोमबार संघका अध्यक्ष अनिल सुवेदीले 'हारियाली हाम्रो भविष्यः स्थानीय कार्य, विश्वव्यापी प्रभाव' नारा पढेर अधिवेशन सुरु गर्नुभएको हो ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय हेटौंडाको वन संकायमा भएको अधिवेशनमा संघका पदाधिकारीहरुको अनुभव र सुझाव आदानप्रदान भएको छ । संघकी उपसचिव सिर्जना सुवेदीका अनुसार मंगलबार हुने कार्यक्रमको तयारीबारे छलफल र जिम्मेवारी बाँडफाँड भएको छ । मंगलबार संसद सञ्चालनबारे आम जनताको भविष्य हरियालीः स्थानीय कार्य, विश्वव्यापी प्रभाव शीर्षकमा युवा संसद प्रतियोगिता आयोजना हुनेछ । दुई वर्ष अगाडि पहिलो पटक संघ गठन भएको हो । दुई वर्षका लागि ११ सदस्यीय समिति चयन हुनेछ । संघमा अहिले १ सय भन्दा बढी सदस्यहरु रहेका छन् ।









## सम्पादकीय

# युवा पलायन रोकौं

हरेक वर्ष अगस्ट १२ का दिन विश्वभर अन्तर्राष्ट्रिय युवा दिवस मनाउने गरिएको छ । संयुक्त राष्ट्र संघको सन् १९९९ मा भएको महासभाले गरेको निर्णयअनुसार सन् २००० देखि अन्तर्राष्ट्रिय युवा दिवस मनाउन थालिएको हो । नेपालमा भने सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो । यस वर्ष २५ औं अन्तर्राष्ट्रिय युवा दिवस साउन २८ गते सोमबार मनाइएको छ । युवा दिवसको अवसरमा संघ, प्रदेश र स्थानीय तीनै तहका युवासम्बद्ध सरकारी तथा गैरसरकारी निकायले विभिन्न कार्यक्रम गरेका छन् । अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदै गर्दा हजारौं युवा विदेश जान विमानस्थलमा लाइन लागिरहेका छन् । देशका युवा जति विदेश पठाएर देशभित्र युवा दिवस मनाउनुको कुनै अर्थ रहँदैन । विदेशिएका वा विदेशिन चाहने युवालाई देशमै उचित वातावरण र अवसर दिएर विदेश पलायन रोक्न युवा दिवस प्रभावकारी बन्नुपर्छ ।

कुनै पनि देशको विकास समृद्धिमा युवाको भूमिका महत्वपूर्ण हुन्छ । युवामा शारीरिक र मानसिकरुपमा उत्साहपूर्वक काम गर्ने क्षमता अन्य उमेर समूहका मानिसमा भन्दा बढी हुन्छ । युवा पुस्ता शिक्षा, स्वास्थ्य, चेतनाको आधारमा पनि अन्यभन्दा अग्रस्थानमा नै हुने गर्दछन् । त्यसैले युवा शक्तिलाई कुनै पनि देशको अमूल्य सम्पत्ति मानिन्छ । देश निर्माणमा युवा जनशक्तिको अति महत्वपूर्ण भूमिका हुने भएकै कारण देशको भविष्य युवाको काँधमा छ भन्ने गरिन्छ । त्यसैले युवालाई देशको वर्तमान र भविष्य दुबैको आधार मान्ने गरिएको छ । विकसित देशहरुले युवालाई विभिन्न अवसर प्रदान गरी उनीहरुको क्षमता वृद्धि गर्दै देश विकासमा योगदान दिनसक्ने बनाउने गरेको भए पनि हाम्रो देशमा भने युवालाई विदेशिन बाध्य पार्ने काम भइरहेको छ । देशका कुल युवा जनसंख्यामध्ये आधाभन्दा बढी वैदेशिक रोजगार वा अध्ययनका लागि विदेशिएको अहिलेको अवस्थामा अन्तर्राष्ट्रिय युवा दिवस मनाउनु निरर्थकजस्तै बनिरहेको छ ।

हुन त नेपालमा युवालाई हेर्ने दृष्टिकोणसमेत सकारात्मक छैन । राजनीतिक नेतृत्वदेखि सबै तह र निकायमा युवाले उचित अवसर पाउन सकेका छैनन् । देशमा सक्षम युवा नेता हुँदा पनि सबैजसो राजनीतिक दलको शीर्ष तहमा वृद्ध नेताहरुकै हालीमुहाली छ । बारम्बार सरकारको नेतृत्व गर्ने वृद्ध नेताले युवालाई उचित अवसर नदिएकै कारण देशको नीति तथा कार्यक्रमसमेत युवामैत्री बन्न सकेको छैन । कति उमेर समूहका मानिसलाई युवा मान्ने भन्ने ठोस आधारसमेत मुलुकमा पाइँदैन । संयुक्त राष्ट्रसंघले १८ देखि २४ र विश्व स्वास्थ्य संगठनले १५ देखि २४ वर्षकालाई युवा भनेको छ । तर, नेपालमा युवाको स्पष्ट मापदण्डसमेत पाइँदैन । युवा क्रियाकलापसम्बन्धी उच्चस्तरीय प्रतिवेदन २०५३ ले १५ देखि २५ वर्षकालाई युवा मानेको भए पनि विगतका कतिपय पञ्चवर्षीय योजनामा १५ देखि २९ वर्ष उमेरलाई युवा मानिएको थियो । वर्तमान राष्ट्रिय युवा नीतिले १५ देखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई युवा भनेको भए पनि आ–आफ्नो अनुकूलतामा युवालाई परिभाषित गर्ने गरिएको छ ।

युवा जनसंख्यालाई संसारका कुनैपनि देशले आ–आफ्नै उमेरको परीधिमा राखे पनि युवा भनेको मानव जीवनमा अत्याधिक जोश, जाँगर, उत्साह अनि शक्ति भएको उमेर समूह हो । नेतृत्व गर्न मन लाग्ने, जे पनि गर्न सक्छुजस्तो लाग्ने, उत्साह अनि संवेगसहितको युवा अवस्था शक्ति र सामर्थ्यले भरिपूर्ण हुन्छ । युवाहरुको सहभागिताबाटै विश्वका सबैजसो परिवर्तन र विकास भएका छन् । त्यसैले युवा जनशक्तिलाई देश विकासका लागि अवसर र चुनौती दुबै रुपमा लिने गरिन्छ । तर हाम्रो देशले युवाको सोच, ऊर्जा, चेतना, क्षमतालाई बुझ्न नसकेर पलायन हुन बाध्य बनाइरहेको छ । क्षमतावान र कर्मयोगी युवाहरु विदेशिँदै जाने हो भने हाम्रो देशको विकासको गति निकै सुस्त हुने निश्चित छ । अन्तर्राष्ट्रिय युवा दिवस मनाइरहँदा युवालाई देशभित्रै कसरी टिकाउने भन्नेतर्फ विशेष ध्यान दिनु आवश्यक छ । अन्यथा भविष्यमा युवाबिनाको युवा दिवस मनाउनुपर्ने अवस्था नआउला भन्न सकिन्न ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बोलीले धन र मान कमाइने समय योग छ ।
**वृष** : तर्क वितर्क आदिमा अगाडि नबढ्दा राम्रो होला ।
**मिथुन** : साहसी कामले लाभ प्राप्त हुने समय छ ।
**कर्कट** : आफन्तको काममा सरिक भइने समय छ ।
**सिंह** : सकारात्मक धारणामा वृद्धि हुने समय छ ।
**कन्या** : शरीरमा अल्छीपन बढ्ने समय योग छ ।
**तुला** : प्राज्ञिक क्षेत्रका कामबाट लाभ प्राप्त होला ।
**वृश्चिक** : दायित्व र जिम्मेवारी थपिने समय योग छ ।
**धनु** : परोपकारी र सामाजिक गतिविधिमा समय बित्ला ।
**मकर** : शरीरमा आलस्यता बढ्ने समय योग छ ।
**कुम्भ** : घरायसी काममा व्ययभार बढ्ने समय छ ।
**मीन** : प्राकृतिक सौन्दर्यप्रति मन आकर्षित होला ।

# लघुवित्त समस्या समाधान प्रतिवेदन कार्यान्वयन



शंकरमान श्रेष्ठ




हालै लघुवित्तबाहेकका संस्थालाई लघुवित्तसम्बन्धी कारोबार गर्न नदिने व्यवस्था गर्न सरकारलाई सुझाव दिइएको छ । नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त वित्तीय संस्थाबाहेक कुनै पनि संस्थाले लघुवित्तसम्बन्धी कारोबार गर्न नपाइने व्यवस्था गर्न सरकारी कार्यदलले सुझाव दिएको छ । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरको संयोजकत्वमा गठित कार्यदलले लघुवित्त संस्थाबाहेकले यससम्बन्धी कारोबार गर्न नपाउने व्यवस्था गर्नुपर्ने सुझावसहितको प्रतिवेदन हालै अर्थमन्त्रीलाई बुझाएको छ ।

सो प्रतिवेदनमा बचत तथा ऋण सहकारी संस्था र लघुवित्त संस्थाबाट लिएको कर्जाका कारण लघुवित्त वित्तीय संस्थाका ऋणीलाई कठिनाइ भएको गुनासो रहेकाले बचत तथा ऋण सहकारी संस्थाबाट हुने वित्तीय कारोबारलाई व्यवस्थित गर्ने व्यवस्था मिलाउन सुझाव दिइएको छ ।

साथै, सो प्रतिवेदनअनुसार लघुवित्तहरुले हाल कर्जा नियमित नभएका तथा समस्यामा परेका भनिएका आ–आफ्ना ऋणीहरुको तथ्यांक संकलन गरी नियतवश कर्जा नतिरेका तथा वास्तविक रुपमै समस्यामा परेका ऋणी यकिन गरी अधिकतम ६० दिनभित्र नेपाल राष्ट्र बैंकसमक्ष पेस गर्नुपर्नेसमेत सुझाव पेस गरेको छ। यसका लागि नेपाल राष्ट्र बैंकले निर्देशन दिनुपर्नेसमेत प्रतिवेदनमा उल्लेख छ ।

यसै सन्दर्भमा, समयमा कर्जाको साँवाब्याज तथा नियमित बचत जम्मा नगर्ने सदस्यलाई ताकेता गर्ने नाममा कार्यस्थलको वातावरण बिगार्ने गरी दबाब तथा मानसिक यातना नदिन लघुवित्तहरुलाई सुझाव दिइएको छ । साथै, ऋणीहरुलाई पनि एउटा लघुवित्तबाट मात्र कर्जा लिन र प्रयोजनअनुसार लगानी गर्न सुझाव दिइएको छ ।

नेपालमा हाल ५५ वटा लघुवित्त छन् । तीमध्ये तीनवटा थोक कर्जा र बाँकी खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त हुन् । लघुवित्त वित्तीय संस्थाले ४ खर्ब ५३ अर्ब ११ करोड रुपैयाँ कर्जा प्रवाह गरेका छन् ।

यस प्रतिवेदनमा, कुल बचत १ खर्ब ७२ अर्ब ६६ करोड र सापटी रकम २ खर्ब २७ अर्ब ६१ करोड रहेको देखिन्छ । स्मरणीय छ, विगतमा कोभिडलगायत परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीलाई कर्जाको भाका बढाउने सुझावसहित प्रतिवेदन तयार पारेको कुरा सार्वजनिक भई सो प्रतिवेदन पेस भएको भनिन्छ ।

मौद्रिक नीतिले लघुवित्तको आम्दानीमा नेपाल राष्ट्र बैंकले कैंची लगाइदिएको छ । कर्जा प्रवाह गर्दा संस्थाले स्वीकृत कर्जामा लिने सेवा शुल्क राष्ट्र बैंकले घटाइदिएको हो । नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थाका लागि जारी गरेको एकीकृत निर्देशिका संशोधन गर्दै सेवा शुल्क घटाइदिएको हो । अब लघुवित्तले कर्जा लगानी गर्दा स्वीकृत कर्जाको सेवा शुल्क १.३ प्रतिशतसम्म मात्रै लिन पाउने भएका छन् । यसअघि यस्तो शुल्क १.५ प्रतिशत थियो ।

एक वर्षभन्दा कम अवधिका लागि कर्जा प्रवाह गरेको अवस्थामा यस्तो कर्जामा वार्षिक १.५ प्रतिशतमा नबढ्ने गरी कर्जा अवधिको आधारमा उक्त दरको दामासाही हिसाबले मात्र सेवा शुल्क लिन सक्ने व्यवस्था पनि संशोधन गर्दै १.३ प्रतिशतको आधारमा मात्रै शुल्क लिन पाउने व्यवस्था गरेको हो । यस्तै कर्जा प्रवाह गर्दा स्वीकृत कर्जा रकमबाट तोकिएको सेवा शुल्कबाहेक अन्य कुनै पनि प्रकारको रकम कट्टा गरी बचतका रूपमा राख्न नपाउने भएका छन् ।

लघुवित्त संस्थाले ऋणीको आर्थिक अवस्था, व्यवसायको मूल्यांकन नगरी जति पनि कर्जा दिने र स्वीकृत कर्जाबाट कर्जा सुरक्षण कोषमा बीमा दाबी गर्न पुग्ने र कम ऋण लगानी गर्दा नै ऋणबाट बचतमा राख्न लगाउने गरेकोसम्म विकृति देखिएको थियो । केही संस्थामा यस्तो देखिए पनि अधिकांश संस्थाले भने पहिलो किस्ता तिर्नुपर्ने रकम अनिवार्य बचतमा राखेर मात्रै ऋण दिँदै आएका थिए । अब त्यसरी कर्जा लगानी गर्दा नै अनिवार्य बचतमा रकम राख्न लगाउन नपाउने भएका छन् ।

साथै, ऋणी सदस्यको परिवारमा कसैको मृत्यु भई काम गर्न नसक्ने अवस्था भएका, अपाङ्गताका कारण काम गर्न नसकेकाहरुलाई कर्जाको भाका बढाउनुपर्ने सुझावसमेत छ । वास्तविक समस्यामा परी कर्जाको साँवाब्याज भुक्तानी गर्न नसकेकाहरुलाई कर्जा भुक्तानीको अवधि थप गर्ने, कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण गर्नेलगायत सुझाव प्रतिवेदनमा छन् ।

स्मरण रहोस्, लघुवित्तपीडितको नाममा काठमाडौंमा प्रदर्शन भएपछि तत्कालीन अर्थमन्त्री वर्षमान पुनले गत चैत २ गते राष्ट्र बैंकका डेपुटी गभर्नर नीलम ढुंगानाको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरेका थिए ।

विगतमा पनि नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाका समस्या र समाधानसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो । लघुवित्त क्षेत्रमा समस्या बढ्दै गएर ऋणीहरू आन्दोलनमा उत्रिएपछि नेपाल राष्ट्र बैंक सञ्चालक समितिले गत वर्षको फागुन १० गते आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशकको संयोजकत्वमा सात सदस्यीय अध्ययन समिति गठन गरेको थियो । उक्त समितिले लघुवित्त क्षेत्रमा देखिएका समस्या समाधान गर्न विभिन्न २० मुख्य क्षेत्रमा केन्द्रित रहेर १ सय ८१ वटा सुझावसहितको प्रतिवेदन दिएको थियो ।

नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्था ऐन, २०६३ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था लघुवित्त वित्तीय संस्था हो । हाल नेपालमा ५५ भन्दा बढी लघुवित्त वित्तीय संस्था रहेका छन् । लघुवित्तीय संस्थाले विपन्न तथा न्यून आयस्तर भएका व्यक्ति तथा महिलालाई सदस्य बनाई तिनीहरूबाट नियमित बचत संकलन गरी सामूहिक जमानीमा कृषि तथा लघुउद्यम व्यवसाय सञ्चालन गर्न बिनाधितो लघु कर्जा प्रवाह गर्छ ।

त्यस्तै, सामूहिक तथा व्यक्तिगत सदस्यलाई स्वीकारयोग्य धितो लिई लघुउद्यम तथा लघु व्यवसाय सञ्चालन गर्न धितो कर्जा प्रवाह गर्ने गर्छ । लघुवित्त संस्थाले विशेष गरी बिनाधितो कर्जा उपलब्ध गराउने गर्छ । लघुवित्त संस्थाले नेपालका दुर्गम गाउँघरमा गई वित्तीय साक्षरता प्रदान गर्छन् । यिनले वित्तीय शिक्षा प्रदान गर्ने, बचत संकलन गर्ने, बिनाधितो कर्जा दिने, धितोमा कर्जा दिने कार्यलगायत वित्तीय सेवा प्रवाह गर्दै आइरहेका छन् ।

नेपालमा गरिबी न्यूनीकरणका लागि धेरै कार्यक्रम लागू भए तापनि लघुवित्तका कार्यक्रम गरिब र ग्रामीण क्षेत्रमा मात्र आधारित छन् । लघुवित्त बैंकिङ सेवाले ग्रामीण तथा अर्धसहरी क्षेत्रमा बसोबास गर्ने मानिसलाई वित्तीय सेवा तथा कृषि उत्पादन गर्न सहज र सुरक्षित गर्नका लागि मार्गदर्शन प्रदान गर्छ ।

नेपालमा लघुवित्त बैंकिङ सेवाको सुरुवातले औपचारिक बैंकिङ सेवामा पहुँच नभएकाहरूलाई नयाँ वित्तीय समाधान प्रदान गर्न मद्दत गरेको छ। साथै, ग्रामीण क्षेत्रका लागि भरपर्दो, सुरक्षित र सुविधाजनक बैंकिङ सेवा प्रदान गर्छ। विभिन्न उत्पादन र सेवा प्रदान गर्दै लघुवित्त बैंकिङले नेपालको बैंकिङ क्षेत्रमा क्रान्तिकारी परिवर्तन गर्दै यसलाई थप समावेशी बनाएको छ ।

लघुवित्तीय संस्थाले नेपालको ग्रामीण क्षेत्रको विकासलाई बढावा दिएको छ । लघु कर्जा र वित्तीय सेवामा पहुँच प्रदान गरेर लघुवित्तले नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। लघुवित्तलाई विशेष गरी प्रभावकारी विकास पूर्वाधारका रुपमा मान्यता प्रदान गरिएको छ। जसमा, लघुवित्तीय संस्थामार्फत उपलब्ध गराइने सेवालाई विशेष गरी गरिब र अतिगरिबलाई लक्षित गरिएको छ । लक्षित समुदायको सामाजिक, आर्थिक स्थितिमा महत्वपूर्ण योगदान पुऱ्याउन र लघुवित्त बैंकिङ सेवा प्रदान गर्ने संस्थालाई केही वर्षभित्रै निरन्तर बढ्दो पहुँचको साथ दिगो संस्थाका रूपमा विकास गर्न सकिन्छ ।

### लघुवित्त वित्तीय संस्थाका उद्देश्य

लक्षित क्षेत्रका महिलाको आवश्यकता र तिनीहरुको सशक्तीकरण प्रक्रियालाई सहयोग पुऱ्याउनु लघुवित्तको उद्देश्य हो । सदस्यमाझ सामूहिक भावना पैदा गर्नु, सदस्यको आत्मविश्वास र क्षमता अभिवृद्धि गर्नु र सदस्यमा सामूहिक निर्णय क्षमताको विकास गर्नु पनि लघुवित्त संस्थाको उद्देश्य हो । महिलामा बचत गर्ने बानीलाई प्रोत्साहित गर्ने र उनीहरूको आफ्नै पुँजी स्रोतको आधार सञ्चय गर्न सहजीकरण गर्ने काम पनि लघुवित्तको हो ।

महिलालाई विशेष गरी महिला विकाससँग सम्बद्ध सामाजिक जिम्मेवारी लिन उत्प्रेरित गर्ने उद्देश्य पनि लघुवित्तले लिएको छ। कर्जालाई सही कार्यका लागि उपयोग गरी आयस्तर अभिवृद्धि गर्नु तथा भविष्यमा पर्न सक्ने जोखिमलाई सामना गर्नु र आत्मविश्वास बढाउन उत्प्रेरित गर्नु पनि लघुवित्तका उद्देश्य हुन् ।

कर्जाको सदुपयोग गराई आत्मसम्मान तथा आत्मनिर्भरता बढाउन मद्दत गर्ने काम पनि लघुवित्तले गर्छ । नेपालको ग्रामीण तथा पिछडिएको क्षेत्रको गरिबी निवारणमा महत्वपूर्ण योगदान गर्नु लघुवित्तको उद्देश्य हो । यसरी स्थापित लघुवित्तले नेपालमा गरिबी निवारणलगायत क्षेत्रमा महत्वपूर्ण योगदान दिएको छ । तर, पछिल्लो समय लघुवित्तीय संस्थामा चुनौती थपिएका छन् ।

### लघुवित्त क्षेत्रका चुनौती

विपन्न वर्गको आर्थिक उत्थानमा यसको योगदान महत्वपूर्ण भए पनि यसले केही चुनौती र समस्या भोगिरहेको छ । लघुवित्तका लागि पहिलो चुनौती भनेको नेपालको भौगोलिक अवस्था नै हो । त्यस्तै कर्मचारीको सुरक्षाको कमी, वित्त कम्पनीसँगको प्रतिस्पर्धा पनि लघुवित्त क्षेत्रमा विद्यमान चुनौती हुन् । कर्मचारीलाई आवश्यक तालिम दिन सकिएको छैन ।

त्यस्तै यस क्षेत्रमा दक्ष कर्मचारीको अभाव पनि छ । पछिल्लो समय लघुवित्त वित्तीय संस्था सेवामुखीभन्दा नाफामुखी भइरहेका छन् । बढी नाफा लिएको भनी यसको व्यापक आलोचना भइरहेको छ । सदस्यमा कर्जाको दोहोरोपना र कर्जा लगानीपश्चात् कर्जाको सदुपयोगिता निरीक्षण नहुँदा लघुवित्त सेवामा समस्या थपिएको छ । यही कारण नै लघुवित्त संस्थाविरुद्ध संघर्ष पनि सुरु भएको छ ।

### समाधानका उपाय

लघुवित्त क्षेत्रमा विद्यमान समस्याको समाधानका लागि केही कदम चाल्नैपर्ने देखिएको छ । तिनमा उचित नियमन, फिल्डको सुपरिवेक्षण, ब्याजदरको पारदर्शिता, दक्ष कर्मचारी तथा उचित तालिमको व्यवस्था आदि प्रमुख छन् । त्यस्तै नाफामुखी नभई सेवामुखी हुनुपर्ने, लघुवित्त संस्थाको कर्जा तिर्दैनौं भनी विरोध गर्नेमाथि कारबाही गर्नुपर्ने जस्ता कुरामा ध्यान जानुपर्छ । लघुवित्तका साथै बचत तथा ऋण सहकारी संस्थाले आफ्नो स्रोतको ठूलो हिस्सा घरजग्गा र सेयर बजारको उच्च मार्जिन क्षेत्रमा खर्च गरेको देखिन्छ । फलस्वरूप ठूलो संख्यामा लघुवित्त कम्पनीहरू आफ्नो अस्तित्वका लागि संघर्षरत छन् । बचत तथा ऋण सहकारी संस्थाको अवस्था झनै खराब छ, किनभने तिनीहरूले निक्षेपकर्ताको विश्वास द्रुत रूपमा गुमाउँदै छन्, जसमा अधिकांशले आफ्नो व्यवसाय स्थायी रूपमा बन्द गर्न बाध्य छन् ।

वित्तीय अवस्था कठिन समयबाट गुज्रिरहेको अवस्थामा वित्तीय क्षेत्रमा देखिएको अव्यवस्थित अवस्थाले आर्थिक वृद्धिदरलाई सहज बनाउँदै आर्थिक गतिविधिका लागि उपयुक्त नहुने अवस्था सिर्जना हुने निश्चित छ ।

केन्द्रीय बैंकको सुपरिवेक्षण र निरीक्षण विभागलाई बलियो बनाउनुपर्छ। कोभिडको समयमा र लगत्तै जारी गरिएका सहुलियतपूर्ण ऋण विभिन्न क्षेत्रद्वारा कसरी प्रयोग भइरहेको छ भनी जाँच गर्नका लागि गहिरो विश्लेषण गर्न सिफारिस गरिन्छ ।

विपन्न तथा न्यून आय भएका व्यक्ति र महिलालाई सदस्य बनाई तिनीहरुबाट नियमित बचत संकलन गरी सामूहिक जमानीमा कृषि तथा लघु उद्यम व्यवसाय सञ्चालन गर्न बिनाधितो लघु कर्जा प्रवाह गर्ने तथा आफ्नो सदस्य वा अन्य व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघु उद्यम तथा लघु व्यवसाय सञ्चालन गर्न धितो कर्जा प्रवाह गर्ने र सीमित मात्रामा सदस्यको बचत संकलन गर्ने संस्थालाई लघुवित्त वित्तीय संस्था भनिन्छ ।

अहिलेको नेपालको परिस्थिति हेर्दा लघुवित्त वित्तीय संस्थाको काम गर्ने तौरतरिकामै व्यापक फेरबदल गर्नु आवश्यक रहेको विज्ञहरुले औंल्याएका छन् । संकटमा लघुवित्तः कारण र समाधान' विषयमा हालै आयोजित अन्तर्क्रिया कार्यक्रममा विज्ञहरूले यस्तो बताएका हुन् ।

धितो नभएका तर काम गर्ने सीप र जाँगर भएका व्यक्तिका लागि बिनाधितो ससानो कर्जा दिएर बिस्तारै उनीहरुको आर्थिक स्तरमा सुधार ल्याउनु लघुवित्त वित्तीय संस्थाको उद्देश्य हो । सो उद्देश्यअनुसार संस्था सञ्चालन हुन नसक्दा अहिले समस्या देखिएको छ ।

हाल लघुवित्त वित्तीय संस्थाको कार्यशैली वाणिज्य बैंकजस्तो भएकाले

...बाँकी पृष्ठ ३ मा

# युवा पलायन रोक्न स्वरोजगार कार्यक्रम गर्नुपर्छः मन्त्री महर्जन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महजर्नले वैदेशिक रोजगारीका लागि दैनिक ३ हजारको हाराहारीमा युवाहरु विदेश पलायन भइरहेको बताउनुभएको छ । २५ औं अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा प्रदेश युवा परिषद्ले आयोजना गरेको दिगो विकास लक्ष्यमा प्रगति र समृद्धिः डिजिटल प्रविधिमा युवा पहुँच अभिवृद्धि विषयक १ दिने कार्यशाला उद्घाटन गर्नुहुँदै मन्त्री महर्जनले युवाहरुलाई विदेश पलायन हुन नदिन युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभएको हो ।

हरेक क्षेत्रमा युवालाई जोड्नुपर्ने उहाँले बताउनुभयो। सबैभन्दा कम बजेट खेलकुद मन्त्रालयमा हुने गरेको उहाँको भनाइ छ । युवालाई कसरी अगाडि बढाउने, कसरी खेलकुद क्षेत्रमा जोड्ने र स्वदेशमै रोजगारी कसरी प्रदान गर्ने भन्ने कार्यमा प्रदेश युवा परिषद् लागिरहेको उहाँले बताउनुभयो ।



डिजिटल प्रविधिलाई कसरी प्रयोग गर्नुपर्छ र नीति निर्माण गरेर त्यसलाई कार्यन्वयनमा ल्याउने कार्यमा सबै युवाहरु लाग्नुपर्ने गैरसरकारी संस्था महासंघ बागमती प्रदेशकी अध्यक्ष आरती पाठकले बताउनुभयो । प्राविधिकरुपमा युवालाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुराको विषयमा पनि छलफल गर्नुपर्ने अध्यक्ष पाठकले बताउनुभयो। युवाहरुलाई स्वरोजगार बनाउन सञ्चारलगायत अन्य क्षेत्रको भूमिकाको बारेमा बुझ्नुपर्ने बताउनुभयो ।

कार्यक्रलाई हेटौंडा उपमहानर पालिकाका सूचना अधिकृत भानुभक्त थपलिया र गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटाले सहजीकरण गर्नुभएको थियो । अधिकृत थपलियाले युवाहरुलाई डिजिटलाईजेसनमा सहभागी गराउन आवश्यक रहेको बताउनुभयो। उहाँले सामाजिक सञ्जालको विभिन्न एप्लिकेशनबाट नकारात्मक सूचनाको प्रसारण हुने भएकाले उनीहरुलाई साइबर सुरक्षाको बारेमा पनि जानकारी दिनुपर्ने बताउनुभयो । सबै युवाहरुले राज्यले दिएको सुविधाहरुलाई प्रविधिमार्फत् लिन नसकेको बताउनुभयो ।

गैरसरकारी संस्था महासंघ अध्यक्ष सापकोटाले प्रदेश युवा परिषद्ले यस वर्षमात्रै ५ हजार भन्दा बढी युवाहरुलाई तालिम दिएको बताउनुभयो । युवा सशक्तिकरणका लागि व्यवस्थापनको पक्षलाई बलियो बनाउन आवश्यक रहेको उहाँले प्रष्ट पार्नुभयो। युवाले धेरै चुनौतीको सामना गर्नुपरेका कारणले उनीहरु डिप्रेसनको शिकार भइरहेको उहाँले बताउनुभयो ।

कक्षा-१२ को परीक्षा सकाएर युवा विदेशिने क्रम बढ्दै गएको कारण स्नातक तहमा विद्यार्थी संख्या कम भएको उहाँले बताउनुभयो । अवसर, चुनौती र समस्यालाई स्वीकार गरेर व्यवस्थापनलाई परिवर्तन गर्नुपर्ने बताउनुभयो । अहिले दुर्व्यसनी बढेका कारण प्रत्येक वडामा सुधार केन्द्रको स्थापना गर्नुपर्ने अवस्था सिर्जना भएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो। युवालाई विदेश पलायन हुनबाट रोक्न सबैको महत्वपूर्ण भूमिका हुने दावी गर्नुभयो ।

प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंको अध्यक्षतामा भएको कार्यक्रममा खेलकुद मन्त्रालयका सचिव रुद्रप्रसाद लामिछाने, युवा परिषद्का कार्यालय प्रमुख रमेश घिमिरेलगायत विभिन्न पदाधिकारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी पदाधिकारीहरुलाई प्रमाणपत्र पनि प्रदान गरिएको छ ।

## वर्षायाममा कान...

समस्या देखिएकाले लघुवित्त वित्तीय संस्थाको कार्यशैली परिमार्जन गरेर उनीहरूको उद्देश्य अनुरूप सञ्चालन हुने वातावरण बनाउनुपर्ने देखिन्छ ।

लघुवित्तको सिद्धान्त नराम्रो होइन, उनीहरूको कार्यशैली ठीक नहुँदा समस्या भयो । हालै सार्वजनिक भएका कुराबाट नाफा कमाउने होडबाजीले लघुवित्त कम्पनीले विकृति फैलाइरहेको बुझाइमा नेपाल राष्ट्र बैंक पुगेको भनिन्छ ।

नेपालमा माइक्रोफाइनान्स कम्पनीमा केही परम्परागत लगानीकर्ता आज धेरै निराश देखिन्छन्। माइक्रो लोनले मानिसको जीवनमा कसरी परिवर्तन ल्याउँछ भन्नेबारेमा धेरै प्रचार भएको उनीहरु बताउँछन्, तर वास्तविकता भने फरक छ।

लघुऋणले गरिबी न्यूनीकरणमा कसरी मद्दत गरेको छ भन्ने जान्न सबै उत्सुक छन् । अनौपचारिक वित्तपोषणमा गरिब जनताको निर्भरता घटेको छ, तर पूर्णतया छैन । किनभने लघु ऋणदाताले उनीहरूको पैसाको माग आंशिक रूपमा मात्र पूरा गर्छन् ।

मानिसले अझै पनि स्वास्थ्य समस्या र अन्य आपत्कालीन आवश्यकता र बालबालिकाको शिक्षाका लागि पनि ऋण पैसा उठाउन आवश्यक छ। लघुवित्त संस्था विशेष गरी उत्पादनमूलक उद्देश्यका लागि मात्र ऋण दिन सक्छन्। लगानीकर्ताको रुपमा, उनीहरु बंगलादेशका एमएफआईले मानिसलाई गरिबीबाट बाहिर निकाल्न राम्रो काम गरेको र इन्डोनेसियामा लगानीमा उच्च प्रतिफल दिने गरेको देख्छन् । माइक्रोफाइनान्स बैंकद्वारा लघुवित्तसम्बन्धी समस्या सामना गर्दै गरिबी निवारण सरकारको पहिलो प्राथमिकता हो भन्नुमा अत्युक्ति नहोला । ऋणीले ऋण लिएपछि व्यापार-व्यवसायजस्ता आम्दानी हुने ठाउँमा लगाउनुपर्ने हो । तर, यहाँ के देखियो भने बिनाधितो सजिलै घरदैलोमै ऋण लिन सकिने सुविधा भएकाले ऋण लिने अनि घरायसी खर्च गर्ने प्रवृत्तिले गर्दा यो समस्या देखिएको हो । साथै, व्यापार-व्यवसायमा आर्थिक संकट भएकाले पनि ऋणीले अहिले ऋण तिर्न नसक्ने अवस्था रहेको कटु यथार्थ छ ।

अहिले उद्योग, व्यापार-व्यवसाय सम्पूर्णमा आर्थिक संकट छ । कोरोना महामारी आयो, देशैभरी लकडाउन । कोरोना नसकिँदै डेंगु आयो । त्यसपछि हरेक कुरामा महँगी बढ्यो । यसले गर्दा सबै क्षेत्रमा आर्थिक संकट पर्‍यो । यसले पनि लघुवित्तको कर्जा प्रवाहमा समस्या देखिएको थियो ।

नेपालले लघुवित्तमा बंगलादेशको सिको गरेर जुन पुरानो 'ग्रामीण मोडल' पछ्याएको छ, त्यसमै पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ। यो मोडलले अब यहाँ काम गरेन भन्ने प्रमाणित भइसक्यो । नेपालका लघुवित्त बैंकजस्तै छन् । बैंकले ऋण दिन्छ, असुल गर्छ । उसले ऋण असुलीका लागि ऋणीको सामाजिक पक्ष, पारिवारिक परिवेश, आर्थिक अवस्था, व्यक्तिगत तथा मनोवैज्ञानिक अवस्था केही हेर्दैन, मात्र पैसा हेर्छ ।

नेपालमा अस्वस्थ प्रतिस्पर्धाकै कारण लघुवित्त क्षेत्र नै धराशायी हुने अवस्था आएको छ । छिटो नाफा कमाउन खोज्ने प्रवृत्ति र च्याउझैं उम्रिएका लघुवित्त संस्थाका कारण यो क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा बढ्दै गएको र यसले सम्पूर्ण लघुवित्त क्षेत्रलाई नै धुमिल पारेको सरोकारवालाहरुले बताउँदै आएका छन् । मुलुकमा देखिएको आर्थिक मन्दीको संकेतले सम्पूर्ण बैंकिङ तथा वित्त क्षेत्रलाई नै अप्ठ्यारो अवस्था निम्त्याएको छ । साथै, यसले लघुवित्तमा पनि ठूलो समस्या देखिँदा त्यसको चेन इफेक्ट वाणिज्य बैंकमा सबैभन्दा बढी देखिने सम्बद्ध सरोकारवालाहरु बताउँछन् ।

स्मरण रहोस्, लघुवित्तका ऋणीले विरोधस्वरुप लघुवित्त संस्था खारेजै गर्नुपर्ने, ऋण तिर्न नसक्ने, ऋण मिनाहा गर्नुपर्नेलगायतका माग राख्न थालेका छन् । यसरी लघुवित्त क्षेत्रमा समस्या देखिएपछि त्यसको प्रत्यक्ष असर भने वाणिज्य बैंकमा पर्ने भएको छ ।

समग्रमा, अबका दिनमा लघुवित्त क्षेत्रलाई सरल तरिकाले अघि बढाउन दीर्घकालीन लक्ष्य राखेर अघि बढ्नुपर्नेछ। कर्जा सूचना केन्द्रको बेवास्ता गरी हचुवाका भरमा कर्जा विस्तार गर्ने, कानुन नमानी सदस्य बनाउनेलगायतका क्रियाकलापलाई नियन्त्रण गर्न केन्द्रित हुनुपर्ने आवश्यकता र अनिवार्यता छ ।

लघुवित्त वित्तीय संस्थाले गर्नुपर्ने कार्यमा समयमा कर्जाको साँवाब्याज तथा नियमित बचत जम्मा नगर्ने सदस्यलाई ताकेता गर्ने नाममा कार्यस्थलको वातावरण बिगार्ने गरी दबाब तथा मानसिक यातना नदिने व्यवस्था मिलाउन प्रतिवेदनले सुझाव दिएको छ । त्यसैगरी, लघुवित्त वित्तीय संस्थाका सदस्यले पालना गर्नुपर्ने कार्यमा एक संस्थाबाट मात्र कर्जा उपयोग गर्ने, जुन प्रयोजनका लागि कर्जा लिएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्ने तथा उक्त परियोजनाबाट भएको नगद प्रवाहबाट नियमित रुपमा किस्ता तिर्नेलगायतका सुझाव छन् ।

*(स्रोत: कारोबारदैनिक)*

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

**सूचना !**

आदरणीय अभिभावक ज्यू,

यहि मिति २०८१/०४/२८ गतेदेखि यस कमाने एकेडेमीको पठनपाठन सुचारु हुने जानकारी गराइन्छ। साथै प्रथम त्रैमासिक परीक्षाको नतिजा प्रकाशन र वितरणसम्बन्धी सूचना विद्यालय सुचारु भए पश्चात् सम्प्रेषण गरिनेछ।

**धन्यवाद।**

**विद्यालय प्रशासन**

**कमाने एकेडेमी**

# विद्यार्थी र 'अभिभावकसहित वनभोज

यस कमाने एकेडेमीको कक्षा एल.के.जी.को 'परिवार' सम्बन्धी अध्ययन अन्तर्गतको एउटा महत्वपूर्ण कार्यक्रमको रुपमा पारिवारिक वनभोज कार्यक्रम सम्पन्न भएको छ । उक्त पारिवारिक वनभोज कार्यक्रम हेटौंडा-१७, जुरेथुममा शिक्षक, अभिभावक र विद्यार्थीहरुबीच रमाइलो कार्यक्रमसहित सम्पन्न भयो ।

पारिवारिक वनभोजले शिक्षक र विद्यार्थीसँगै अभिभावकबीचको सम्बन्धलाई सुदृढ र नजिक बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ। विद्यालयको औपचारिक वातावरणमा संवाद प्रायः सीमित र औपचारिक हुन्छ तर, वनभोजजस्ता अनौपचारिक कार्यक्रमले यो सीमिततालाई हटाउन मद्दत गर्छ। पिकनिकको सहज वातावरणमा शिक्षक र अभिभावकबीच खुला र ईमानदार संवाद हुन्छ, जसले उनीहरूबीचको आपसी विश्वास बढाउँछ। यसले विद्यार्थीको शैक्षिक आवश्यकताहरू र व्यक्तिगत विकासको बारेमा गहिरो छलफल गर्न अवसर प्रदान गर्छ ।

वनभोज कार्यक्रमले शिक्षक र अभिभावकबीच सहकार्यको भावना बढाउँछ। जसले विद्यालय समुदायलाई बलियो बनाउँछ। जब शिक्षक, अभिभावक र विद्यार्थीबीचको सम्बन्ध घनिष्ठ हुन्छ, तब यसले विद्यार्थीको समग्र विकासमा सकारात्मक प्रभाव पार्छ । यसरी, पारिवारिक वनभोजले विद्यालयमा एकता, सहयोग र समर्पणको भावना जागृत गर्दै विद्यार्थीको भविष्य उज्ज्वल बनाउन सहयोग पुर्‍याउँछ ।

## 'अभिभावकले परीक्षा प्रक्रिया र परिणामलाई कसरी लिनुपर्दछ ?

हालै कमाने एकेडेमीमा प्रथम त्रैमासिक परीक्षा सकिएको छ । परीक्षा विद्यार्थीको सिकाईको अवस्था मूल्यांकन गर्ने प्रक्रिया हो । साधारणतया विद्यार्थी परीक्षामा सहभागी हुने र निश्चित समयपछि नतीजा सार्वजनिक गरेर विद्यार्थीको हातमा दिइने, विद्यार्थीले अभिभावकलाई जानकारी गराउने सामान्य प्रक्रिया मात्रै रहँदै आएको छ । तर, हामी परीक्षाको नतीजालाई अभिभावकले पनि सघनरुपले बुझ्ने प्रयास गर्दै आफ्ना बाबुनानीको सिकाईको अवस्थाको मूल्यांकन गर्ने र आवश्यकताअनुसारको सिकाईका लागि थप सहजीकरणको योजना बनाउने अवसरको रुपमा पनि लिनुपर्छ । अभिभावकले परीक्षा प्रक्रिया र परिणामलाई सकारात्मक र सहयोगात्मक दृष्टिकोणबाट लिनु महत्वपूर्ण हुन्छ । यसले विद्यार्थीलाई सही मार्गदर्शन र प्रोत्साहन मिल्छ, र उनीहरूको शैक्षिक यात्रा सहज बनाउँछ ।

### अभिभावकले आफ्ना बालबालिकाहरुका परीक्षा र नतिजा प्रकाशन पछिका केही भूमिकाहरु :

१. सकारात्मक दृष्टिकोण राख्नुहोस्: परीक्षा परिणामलाई विद्यार्थीको सम्पूर्ण क्षमता र मूल्याङ्कनको एकमात्र आधारको रूपमा नहेर्नुहोस् । परीक्षा एउटा मापन हो, तर विद्यार्थीको सम्पूर्ण विकास र प्रतिभा बुझ्नका लागि अन्य पक्षहरूको पनि ध्यान दिनुहोस् ।
२. समय र परिश्रमको कदर: विद्यार्थीले परीक्षा तयारीमा गरेको समय र परिश्रमको सम्मान गर्नुहोस् । परिणाम चाहे जस्तो पनि होस्, विद्यार्थीको प्रयासलाई सराहना गर्नु महत्वपूर्ण छ ।
३. सहयोग र समर्थन प्रदान गर्नु: परिणामको आधारमा विद्यार्थीलाई सुधारका लागि सकारात्मक सुझाव दिनुहोस् । उनीहरूको कमजोरीलाई अवसरको रूपमा हेर्नुहोस् र आवश्यक सुधार गर्न प्रोत्साहित गर्नुहोस् ।
४. सन्तुलित संवाद: शिक्षक र विद्यार्थीसँग खुला र सन्तुलित संवाद राख्नुहोस् । विद्यार्थी र अभिभावक दुबैले आशा गरेअनुसारको नतिजा नआए पनि आफूलाई सम्मानित महसुस गराउनुहोस् र उनीहरूको भावनामा ध्यान दिनुहोस्। नतिजामा असन्तुष्ट हुँदा नकारात्मक प्रतिक्रिया नदिई, सकारात्मक र संवेदनशील तरिकामा विचार गर्नुहोस्। अनावश्यक दबाव र तनाव सिर्जना नगर्नुहोस् ।
५. आत्ममूल्यांकनको अवसर: परीक्षा परिणामलाई विद्यार्थीको प्रगति र भविष्यका लागि आत्ममूल्यांकनको अवसरको रूपमा प्रयोग गर्नुहोस् । उनीहरूको बलियो पक्षलाई प्रोत्साहित गर्दै, सुधार गर्नुपर्ने क्षेत्रमा काम गर्न मद्दत गर्नुहोस् ।

यसरी, अभिभावकले परीक्षा प्रक्रिया र परिणामलाई सहयोगी र सकारात्मक दृष्टिकोणबाट लिँदा विद्यार्थीको समग्र विकासमा ठूलो योगदान पुग्न सक्छ ।

## चित्रकला





रुद्रानी तामाङ

# बागमती प्रदेशः सत्ताको कांग्रेस र मन्त्रालय विभाजनको सम्बन्ध

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको सत्तामा कांग्रेस र मन्त्रालय विभाजन समानान्तर घटना बनेको छ। राजनीतिक समीकरण परिवर्तनसँगै जबजब कांग्रेस सरकारमा पुग्छ, मन्त्रालयको संख्या उकालो लाग्ने निश्चित रहेको घटनाक्रमले देखाएको छ।

कांग्रेसको सत्तारोहणलगत्तै मन्त्रालय विभाजन संयोगमात्र होइन । कांग्रेस सरकारमा गएसँगै प्रदेशमा मन्त्रालयको संख्या पनि निरन्तर बढिरहेको छ। लामो समय बिनाविभागीय मन्त्री राखेर कांग्रेसले मन्त्रालय विभाजन गरेको पछिल्लो ३ वर्षको राजनीतिक कोर्षले प्रष्ट पारेको छ।

संघीयता कार्यान्वयनको ७ वर्ष पूरा गर्ने चरणमा रहेका बखत बागमती प्रदेशमा मन्त्रालयको संख्या ७ बाट ८ हुँदै १४ सम्म पुगेको छ। हाल १३ वटामा कायम रहेको मन्त्रालयको संख्या निकट भविष्यमा १४ पुग्ने सम्भावना उच्च रहेको छ।

अधिकांश समयमा कांग्रेस सत्तामा पुगेका बखत मन्त्रालयको संख्या वृद्धि भएका छन्। पछिल्ला राजनीतिक घटनाक्रम हेर्दा प्रदेश सरकारको नेतृत्वमा होस् वा साझेदार दल हुँदा, कांग्रेसको मन्त्री बिनाविभागीय रहेर मन्त्रालय विभाजन गरिएको छ।

२०८० जेठमा सत्ता साझेदारीमा ५ मन्त्रालय पाएको कांग्रेसले सरकारमा ६ मन्त्री पठाएको थियो। एक बिनाविभागीय मन्त्री पठाएको कांग्रेसले ९३ औं दिनमा मन्त्रालय विभाजन गरेर जिम्मेवारी तोकेको थियो।

संघीयता कार्यान्वयनको ७ औं वर्षमा पहिलो पटक बागमती प्रदेश सरकारको नेतृत्व कांग्रेसले पाएको छ। सरकारको नेतृत्व लिइरहेका बखतमा समेत कांग्रेसले मन्त्रालय भागबण्डा सहमतिमा टुंग्याउन सकेन। साझेदार दलको विवादभन्दा पनि कांग्रेसको आन्तरिक कारणबाट अहिले पनि एक बिनाविभागीय मन्त्रीले जिम्मेवारी पाउन सकेका छैनन्।

गत साउन ८ मा कांग्रेसबाट मुख्यमन्त्री नियुक्त भएका बहादुर सिंह लामाले साउन ९ मा सपथ लिए। आफूसँगै १३ मन्त्रीलाई सपथ गराउने उनको उद्देश्य पुरा हुन सकेन। साझेदार दल एमाले पूर्ण तयार अवस्थामा रहँदा कांग्रेसले मन्त्री छान्न सकेन। एमालेका ६ मन्त्रीलाई लिएर मुख्यमन्त्री लामा सपथग्रहण गर्ने तयारीमा अघि बढ्दै गर्दा अन्तिम चरणमा कांग्रेसका ३ मन्त्रीले बिनाविभागीय रहने गरी सपथग्रहण गरे।

सपथग्रहण गरेको ४ दिनपछि मात्र मुख्यमन्त्री लामाले मन्त्रिपरिषद्लाई पूर्णता दिए। उनले १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त गरेका थिए। एमालेले पाएको भागअनुसार ६ मन्त्री पठाएका बखत कांग्रेसभित्र आकांक्षीको उच्च प्रतिस्पर्धा चलेको थियो। जसले गर्दा साउन १० मा नियुक्त भएका मन्त्रीहरुको सपथको तयारी गरेपनि रोकिन पुग्यो। मन्त्री बन्ने आकांक्षी बढी हुँदा साउन १२ मा भागबण्डामा पाएको ६ मन्त्रालयमा ७ मन्त्री नियुक्त गर्नुपरेको थियो।

## बागमतीको मन्त्रालय विभाजनको श्रृंखला

बागमतीमा पहिलो पटक २०७८ भदौमा मन्त्रालयको संख्या बढेको थियो। एमालेले एकल बहुमतको सरकार चलाएका बखत तत्कालीन मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले ७ मन्त्रालयबाट ८ पुऱ्याएकी थिइन्।

साँढे ३ वर्ष सरकार चलाएका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले एमाले विभाजनलाई रोक्न सत्ताको चावी शाक्यलाई हस्तान्तरण गरेका थिए। साँढे ३ वर्ष ७ मन्त्रालयबाट काम कारवाही सञ्चालन भएको प्रदेशको सोलगत्तै ८ मन्त्रालय निर्माण गरिएको थियो। पार्टी विभाजन रोक्न एक मन्त्रालय बढाइए पनि शाक्यले शासन लिएकै दिन एमाले विभाजन भयो। उनले करिब ७० दिन ८ मन्त्रालयबाट काम कारवाही सञ्चालन गरेकी थिइन्।

२०७८ कात्तिक ११ मा शाक्य नेतृत्वको सरकार ढल्यो। सोपश्चात् पहिलो पटक कांग्रेस सरकार साझेदार बन्यो। सरकारमा कांग्रेसको इन्ट्री हुनासाथ प्रदेशको मन्त्रालयको संख्या १४ पुग्यो भने मन्त्रिपरिषद् सदस्य संख्या १८ पुग्यो। तत्कालीन मुख्यमन्त्री एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले कांग्रेस-माओवादीको साझेदारीमा मन्त्रालयको संख्या १४ पुऱ्याएका थिए।

सो समयमा प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून, आर्थिक मामिला तथा योजना, उद्योग वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपन्छी विकास, खानेपानी ऊर्जा तथा सिँचाइ, संस्कृति तथा पर्यटन, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार, श्रम रोजगार तथा यातायात, युवा तथा खेलकुद, वन तथा वातावरण, सामाजिक विकास र स्वास्थ्य मन्त्रालय बनाइएको थियो। उक्त मन्त्रालयमध्ये एकीकृत समाजवादीले मुख्यमन्त्रीसहित ४, माओवादी केन्द्रले ५ र कांग्रेसले ५ मन्त्रालय लिएका थिए। सोबाहेक एकीकृत समाजवादी र कांग्रेसले क्रमशः १ र ३ राज्यमन्त्री बनाएको थियो।

आम निर्वाचनपछि पाण्डेले शासन सत्ता माओवादी केन्द्रका शालिकराम जम्कट्टेललाई हस्तान्तरण गरे। आम निर्वाचनपछि २०७९ पुस २५ मा मुख्यमन्त्री नियुक्त भएका उनले माघ १० मा प्रदेशमा ११ मन्त्रालय कायम गर्ने निर्णय गरे। राप्रपा र एमालेसँगको साझेदारीमा मन्त्रिपरिषद्लाई पूर्णता दिए। जसमा माओवादी केन्द्रले ४, एमालेले ४ र राप्रपाले ३ मन्त्रालय भाग पाएका थिए।

२ महिनापछि एमाले र राप्रपासँग माओवादीको सत्ता साझेदारी छुटेपछि पुनः कांग्रेस सरकारमा गयो। सो समयमा माओवादीका शालिकराम जम्कट्टेलको नेतृत्वमा कांग्रेस, एकीकृत समाजवादीको साझेदारीमा सरकार बनेको थियो। सो सरकारमा ११ मन्त्रालयमा १२ मन्त्री नियुक्त गरिएको थियो। जसमा माओवादीले ४, एकीकृत समाजवादीले २ र कांग्रेसले ६ मन्त्रालय लिएको थियो। एक बिनाविभागीय सहित ६ मन्त्रालय लिएको कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले ९३ दिनमा मन्त्रालय विभाजन गरेर जिम्मेवारी पाएका थिए। उनको जिम्मेवारीसँगै प्रदेशमा मन्त्रालयको संख्या ११ बाट बढेर १२ पुऱ्याइएको थियो।

एक वर्ष सञ्चालन भएको उक्त गठबन्धन २०८० फागुन १७ मा टुट्यो। तत्कालीन समयमा माओवादीको नेतृत्वमा एमाले, समाजवादी र हाम्रो नेपाली पार्टीको सझेदारीमा सरकार बन्यो। सो समयमा ११ मन्त्रालयको भागबण्डामा सरकार बन्यो। जसमा माओवादी ४, एमाले ५, हाम्रो नेपाली पार्टी एक र एकीकृत समाजवादीले २ मन्त्रालय लिए। तर, मुख्यमन्त्रीको विश्वासको मतका समयमा एमाले र एकीकृत समाजवादीबिच भागबण्डा नमिल्दा मन्त्रीको संख्या १२ बाट बढेर १३ पुग्यो। एकीकृत समाजवादीबाट थप एक मन्त्री नियुक्त भएपछि मन्त्रालयको संख्या १२ पुगेको थियो। चालु आर्थिक वर्षको बजेट पारित गर्न समस्या हुने देखिएपछि एकीकृत समाजवादीकी रमा आले मगरले ४५ दिनपछि मन्त्रालय विभाजन गरेर जिम्मेवारी पाएकी थिइन्। बजेट पारित गरेलगत्तै सो गठबन्धनको सरकार ढल्यो। असार १७ मा कांग्रेस एमाले सरकार निर्माण हुने निश्चित भएसँगै जम्कट्टेलले साउन ६ मा राजीनामा दिए। सो पश्चात् कांग्रेस-एमाले गठबन्धनबाट सरकार गठन भयो। प्रदेशमा पहिलो पटक कांग्रेसको सरकार बन्यो। तर, मन्त्रिपरिषद्लाई पूर्णता दिन सकस व्यहोर्नुपऱ्यो। हाल प्रदेशमा कायम रहेको १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त भएका छन्। जसमध्ये एकले विभागीय जिम्मेवारी पाउन सकेका छैनन्।

# मानव बेचविखनको अन्त्यका लागि प्रादेशिक संवादः तीन वर्षदेखि छैन घटना

समाज संवाददाता

हेटौंडाः हेटौंडामा सोमबार मानव बेचविखन अन्त्यका लागि विषयगत प्रादेशिक संवाद कार्यक्रम भएको छ। ग्रामीण स्वास्थ्य र सेवा गुठी संस्थाले मानव बेचविखन रोक्न नेपालका ग्रामीण बालिका र युवाहरुलाई सशक्तिकरण गर्ने परियोजनाअन्तर्गत कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयकी लैंगिक सम्पर्क व्यक्ति चन्द्रकुमारी व्यञ्जनकारले मन्त्रालयले मानव बेचविखन तथा ओसारपसारविरुद्ध प्रदेशस्तरीय संरक्षण नीति २०८० तयार पारेर काम गरिरहेको बताउनुभयो। अहिले मानव बेचविखन तथा ओसारपसारबारे आधिकारिक सूचना संकलनमा कठिन रहेको उहाँले बताउनुभयो। बेचविखनका आयाम र स्वरुपहरु प्रविधि विकाससँगै परिवर्तन भइरहेको उहाँको भनाइ छ।

नीतिले मानव बेचविखन तथा ओसार पसारबाट जोखिम उन्मुख प्रदेशबासीको सामाजिक-आर्थिक रुपान्तरण गर्दै बेचविखन तथा ओसारपसारका घटनालाई नियन्त्रण गर्न र पीडित प्रभावितको उचित संरक्षण तथा पुनःस्थापनालाई सुनिश्चित गर्न जवाफदेही प्रणालीको माध्यमबाट अविच्छिन्न सेवा उपलब्ध गराउने लक्ष्य लिएको उहाँले बताउनुभयो। यसका लागि मन्त्रालयले विभिन्न संघसंस्थामार्फत् कार्यक्रमहरु सञ्चालन गरिरहेको उहाँले बताउनुभयो। प्रदेशभित्र अभिभावकविहीन बालबालिकालाई १८ वर्ष उमेरसम्म मासिक दुई हजार रुपैयाँ उपलब्ध गराउने र महिलालाई उद्यमी बनाउन विभिन्न तालिम गर्दै आइरहेको उहाँले बताउनुभयो।

मानव अधिकार आयोगका उपसचिज पवनकुमार भट्टले अहिले आयोगसँग मानव बेचविखनका कुनै घटना नभएको बताउनुभयो। अहिले बेचविखनकै बहानामा नभई विभिन्न माध्यम र स्वरुपमा घटना भने भएको हुनसक्ने उहाँको भनाइ छ। समाजमा बेचविखनका घटना भएपछि आत्मसम्मान र प्रतिष्ठाका लागि पनि घटना लुकाएको हुनसक्ने र यसबारे आयोगले अध्ययन गरिरहेको उहाँले जानकारी दिनुभयो। मानव बेचविखन गम्भीर विषय भएपनि यसलाई लुकाउने काम घर-समाजबाट भइरहेको हो कि भन्ने लागेको उहाँले बताउनुभयो। २०७८ सम्ममा देशभर ४० हजारभन्दा बढी मानव बेचविखनका घटना भएको हुनसक्ने आयोगको अनुमान छ। त्यसपछि यता बागमती प्रदेशमा भने कुनै बेचविखनको घटना देखिएको छैन।

हेटौंडा उपमहानगरपालिकाका सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिनाले पहिलाको तुलनामा अहिले मानव बेचविखनका स्वरुप बदलिएको हुनसक्ने बताउनुभयो। अहिले समाजमा आर्थिक अवस्थाका कारण बालबालिकाहरु विद्यालय छोड्न बाध्य भएपछि बालश्रम र बालविवाह हुने अवस्था देखिएको उहाँले बताउनुभयो। त्यसपछि विस्तारै बालबालिका र केही ठूलाहरु पनि बेचविखनमा पर्न सक्ने उहाँको भनाइ छ। हेटौंडा उपमहानगरपालिका बेचविखनविरुद्ध गम्भीर रहेको उहाँले बताउनुभो। उपमहानगरपालिकाले वार्षिक नीतिमा पनि यसलाई प्राथमिकता दिएको उहाँको भनाइ छ।

हिमराइट्स मकवानपुरकी कार्यक्रम संयोजक कुमारी वाईबाले अहिले मानव बेचविखनका कुनै घटना नभएको देखिए पनि आन्तरिकरुपमा बेचविखनका घटनाहरु भइरहेको हुनसक्ने बताउनुभएको छ। बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडामा पनि बेचविखनकै रुपमा नभई विभिन्न माध्यमबाट यस्तो घटनाहरु भइरहेको उहाँको भनाइ छ। घटना भएपछि घर फर्किंदा प्रतिष्ठा गुम्ने डरले पनि घटना लुकाएको र उनीहरुलाई परामर्श दिन पनि गाह्रो पर्ने उहाँले बताउनुभयो। उहाँले सरकारले मावन बेचविखनविरुद्ध बनाएको नीतिहरुको कार्यान्वयन गर्दै सचेतनाका कार्यक्रमहरुमा जोड दिनुपर्ने बताउनुभएको छ।

वडा प्रहरी कार्यालय हेटौंडाका प्रहरी निरीक्षक दाताराम अधिकारीले प्रहरीमा अहिले मानव बेचविखनका कुनै घटना नआएको बताउनुभएको छ। घटना नभएकै भन्दा पनि घटना भए पनि प्रहरीमाझ नआइपुगेको हो कि भन्ने लागेको उहाँको भनाइ छ। अहिले पनि कोही मान्छे हराउँदा ढिलै भएपनि प्रहरीमा खबर आउने तर भेटिएपछि प्रहरीमा खबर नै नआउने गरेको उहाँले बताउनुभयो। हराउनेहरुमा महिला र बालबालिका बढी पाइएको र हालसम्म प्रहरीमा आएको उजुरीमा ७० प्रतिशतभन्दा बढी प्रहरीले फेला पारेको उहाँले बताउनुभयो। महिला तथा बालबालिका बेचविखनविरुद्ध सहकर्मी समूह नेपालकी कार्यक्रम संयोजक बेनुमाया गुरुङले सञ्चालन गर्नुभएको कार्यक्रममा ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीकी कार्यकारी निर्देशक डा.अरुणा उप्रेतीले कार्यक्रमबारे स्पष्ट पार्नुभयो।

# करेन्ट लागेर राईको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको माडी नगरपालिका-७, गौरिनगरमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३२ वर्षीय नवराज राई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

आइतबार दिउँसो २ बजेको समयमा राईलाई आफ्नै घरमा बत्ती जोड्ने क्रममा करेन्ट लागेर घाइते भएका थिए। घाइते राईलाई उपचारका लागि बगौडा अस्पताल लगिएकोमा उपचारको क्रममा दिउँसो २ बजेर ५५ मिनेटको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।


## ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

हेटौंडा-२, मकवानपुर

## भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे ७ दिने अत्यन्त जरुरी सूचना

*तेस्रो पटक प्रकाशित मिति : २०८१/०४/२९*

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋण संस्थासँग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तिर्न, बुझाउन नआई आलटाल गरेको र तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (ख) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र संस्थाको मूख्य कार्यालयमा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम तिर्न बुझाउनहुन सूचित गरिन्छ। अन्यथा सहकारी नियमावली २०७५ को दफा ३० (घ) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनुपर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत अशुल उपर गरिने व्यहोरा अवगत गराइन्छ।

**तपसिल**

| | |
|---|---|
| ऋणी सदस्यको नाम : सुमन कुमार स्याङ्बो |  |
| ऋणी सदस्यको बाबुको नाम : रामचन्द्र स्याङ्बो | |
| ऋणी सदस्यको बाजेको नाम : सुकुमान स्याङ्बो | |
| ऋणी सदस्यको ठेगाना : हेटौंडा-१२ सिग्रेनी, मकवानपुर | |
| सदस्यता नं. : ९२५ | |
| ऋणको शीर्षक : व्यावसायिक कर्जा | |

**धितोको विवरण**

मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. १२ सिग्रेनी बस्ने सुकुमान स्याङ्बोको नाती रामचन्द्र स्याङ्बोको छोरा वर्ष ४० का सुमन कुमार स्याङ्बोको नाममा मालपोत कार्यालय हेटौंडामा दर्ता श्रेष्ता कायम भएको मकवानपुर जिल्ला साविक पदमपोखरी ५ को हाल हेटौंडा उ.म.न.पा वडा नं १२ कि.नं ९६९, ९७० क्षे.फ ०-०-१३-०, ०-०-७-० को जग्गा र सोमा बनेको घर समेत।


## गाईभैंसीमा लाग्ने लम्पी स्किन डिजिज (Lumpy Skin Disease) रोगविरुद्ध सप्ताहव्यापी खोप अभियान बारे सार्वजनिक सूचना

लम्पी स्किन डिजिज (Lumpy Skin Disease) गाईभैंसीमा विषाणुबाट लाग्ने घातक संक्रामक रोग। यो रोग वि.सं. २०७७ असारमा प्रथम पटक नेपालमा प्रमाणित भएको र हाल ७५ जिल्लामा देखा परिसकेको छ। नेपालमा यस रोगले गर्दा ३० अर्बसम्मको आर्थिक क्षति भएको अनुमान छ। यो रोगको खास उपचार नभएकोले यसको नियन्त्रणका लागि सबैभन्दा प्रभावकारी पद्दति व्यापक रुपमा खोप लगाउनु हो।

**यो रोग लागेमा निम्न बमोजिमका लक्षणहरू देखा पर्दछ** :-

- उच्च ज्वरो (१०४ फरेनहाइट वा माथि) आउने,
- शरीरका विभिन्न ठाउँमा विशेष गरेर घाँटी, पछाडिको भाग, पेट र थुन वरिपरी गिर्खाहरु (१० देखि ५० मिलिमिटरसम्मका) देखिने,
- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिँज धेरै निकाल्ने, लिम्फ नोडहरु सुन्निने,
- दुधालु गाईभैंसीमा दूध उत्पादन ८० प्रतिशतसम्म घट्ने,
- जोर्नी र खुट्टाहरु सुन्निने र हिँड्न गाह्रो हुने,
- थुनेलो देखिन सक्ने,
- गर्भ तुहिने र पछी बाँझोपना देखिन सक्ने,
- यस रोगबाट एउटा क्षेत्रमा सामान्यतया ५ देखि ४५% सम्म जति गाईभैंसीहरू बिरामी पर्ने र १-५ % सम्म गाईहरू मर्न सक्छन्,
- यो रोग मानिसमा भने सर्दैन।

यो रोग नियन्त्रणको सबैभन्दा उत्तम उपाय समयमै खोप लगाउनु हो। खोप लगाउँदा ३-६ महिना उमेर माथिका सबैलाई लगाउनु पर्दछ। यस रोगको विरुद्ध पहिलो पटक ४ महिनाको उमेर पूरा भएपछि लगाउने र तत्पश्चात खोप लगाउँदा हरेक १/१ वर्षको फरकमा वर्षायाममा लगाउनुपर्दछ। अन्यत्रबाट ल्याइएका गाईभैंसीहरुलाई खोप लगाएर २१ दिन छुट्टै राख्नुपर्दछ। फार्ममा बिरामी पशुलाई अलग्गै राख्ने, अनावश्यक व्यक्ति, पशु र सवारीहरुको प्रवेशमा रोग लगाउने, निसंक्रामक औषधीहरुको प्रयोग गरी नियमित सफाई गर्ने, संक्रमित क्षेत्रमा पशुको ओसारपसार नियन्त्रण गर्ने, मरेका पशहरुलाई Dispose गर्ने जस्ता जैविक सुरक्षाका विधिहरु कडाइका साथ अवलम्बन गर्नु पर्दछ।

लम्पी स्किन डिजिज (Lumpy Skin Disease) रोगको रोकथामका लागि बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका कार्यालयहरु मार्फत वि.सं. २०८० सालमा दूई लाख डोज खोप लगाइएको थियो। यो वर्ष पनि श्रावण २५ देखि ३१ गतेसम्म बागमती प्रदेशका १३ वटै जिल्लाहरुमा लम्पी स्किन डिजिज (Lumpy Skin Disease) रोग बिरुद्ध सप्ताहव्यापी खोप अभियान सञ्चालन हुँदैछ। उक्त अभियानमा सहभागी भई गाईभैंसीहरुमा समयमा नै खोप लगाउन, मन्त्रालय सम्पूर्ण गाईभैंसी पालक कृषकहरुमा हार्दिक अनुरोध गर्दछ। थप जानकारीका लागि पशुसेवा कार्यालयहरु (मकवानपुर, चितवन, सिन्धुली, धादिङ्ग, नुवाकोट, ललितपुर, दोलखा र काभ्रे), पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडा वा यस मन्त्रालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।

**बागमती प्रदेश सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**बागमती प्रदेश, हेटौंडा, नेपाल**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ